# लघुवित्त वित्तीय संस्थाहरुको त्रयमासिक स्थिति

( आर्थिक वर्ष २०७६/७७ का दोस्रो त्रयमास - २०७६ पुस मसान्तको अपरिष्कृत वित्तिय विवरणको आधारमा)

**नेपाल राष्ट्र बैंक**

**लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग**

**चैत, २०७६**

# लघुवित्त वित्तीय संस्थाहरुको त्रयमासिक स्थिति

## लघुवित्त वित्तीय संस्थाहरुको पहूँच स्थिति


१. **लघुवित्त वित्तीय संस्थाहरुको संख्या पछिल्लो समयमा स्थिर रहेपनि शाखाहरुको विस्तारको क्रम भने जारीनै रहेको छ ।** २०७६ पुस मसान्तसम्ममा “घ” वर्गका लघुवित्त वित्तीय संस्थाहरुको संख्या ८७ पुगेको छ । ८७ लघुवित्त वित्तीय संस्थाहरु मध्ये आरएमडिसी लघुवित्त, साना किसान विकास लघुवित्त, फर्स्ट माइक्रोफाइनान्स लघुवित्त र आरएसडिसी लघुवित्त वित्तीय संस्था गरी ४ वटा थोककर्जा प्रदायक लघुवित्त वित्तीय संस्था रहेका छन् भने बाँकी ८३ वटा खुद्रा कर्जा प्रवाह गर्ने लघुवित्त वित्तीय संस्थाहरु रहेका छन । अघिल्लो आर्थिक वर्ष २०७५/७६ को पुसमसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरुको संख्या ७२ रहेको थियो । आर्थिक वर्ष २०७५/७६ मा २४ वटा वित्तीय गैर-सरकारी संस्थाहरु लघुवित्त वित्तीय संस्थामा परिणत भएकोले लघुवित्त वित्तीय संस्थाहरुको संख्या गत वर्षको सोही अवधिको तुलनामा उल्लेख्य रुपमा बढेको हो । लघुवित्त वित्तीय संस्थाहरुको शाखा संख्या २०७६ असारको तुलनामा ७.२२ प्रतिशतले वृद्धि भई ३,८०३ पुगेको देखिन्छ। सो अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको केन्द्र संख्या ८.७६ प्रतिशतले वृद्धि भई २९९ हजार, सदस्य संख्या ५.७५ प्रतिशतले वृद्धि भई ४,५८० हजार, ऋणी संख्या ४.५५ प्रतिशतले वृद्धि भई २,८०४ हजार पुगेको छ । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुमा १८,९३५ जना कर्मचारीहरु कार्यरत रहेका छन् जुन २०७६ असारमसान्तको तुलनामा ९.०६ प्रतिशतले बढी हो (तालिका १)।

**तालिका १: लघुवित्त वित्तीय संस्थाहरुको पहुँच स्थिति**

| | २०७५ असार (१) | २०७५ पुस (२) | २०७६ असार (३) | २०७६ पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१) *१०० | (४-३)/(३) *१०० |
| कुल संस्था संख्या | ६५ | ७२ | ९० | ८७ | १०.७७ | –३.३३ |
| कुल शाखा संख्या | २४५० | २९६१ | ३५४७ | ३८०३ | २०.८६ | ७.२२ |
| कार्य क्षेत्र रहेको जिल्ला | ७७ | ७७ | ७७ | ७७ | ०.०० | ०.०० |
| कुल केन्द्र संख्या (हजारमा) | १७३ | २१० | २७४ | २९९ | २१.३९ | ८.७६ |
| कुल समूह संख्या (हजारमा) | ५६३ | ६८४ | ९२७ | १,००७ | २१.४९ | ८.५२ |
| कुल सदस्य संख्या (हजारमा) | २८५७ | ३३५८ | ४३३१ | ४,५८० | १७.५४ | ५.७५ |
| कुल ऋणी संख्या (हजारमा) | १८५४ | २११० | २६८१ | २,८०४ | १३.८१ | ४.५५ |
| कुल कर्मचारी संख्या | ११५५७ | १४१०८ | १७३६२ | १८,९३५ | २२.०७ | ९.०६ |
| राष्ट्रिय स्तरका संस्था* | २८ | ३२ | ४१ | ४४ | १४.२९ | ७.३२ |
| क्षेत्रीय/जिल्ला स्तरका संस्था | ३७ | ४० | ४९ | ३० | | |
| प्रादेशिकस्तरका संस्था | | | | १३ | | |


**उपरोक्त राष्ट्रिय स्तरका संस्थाहरुमध्ये थोक कर्जा प्रदायक संस्थाहरुको संख्या ४ रहेको छ ।*

चित्र १: लघुवित्त संस्था र शाखा संख्या




२. प्रदेशगत रुपमा हेर्दा सबभन्दा बढी लघुवित्त वित्तीय संस्थाहरुको शाखा प्रदेश नं ५ मा रहेको देखिन्छ । २०७६ पुस मसान्तसम्ममा उक्त प्रदेशमा ८३६ वटा लघुवित्त वित्तीय संस्थाहरुको शाखा संचालनमा रहेका छन् । तत्पश्चात लघुवित्त वित्तीय संस्थाहरुको धेरै शाखा भएको प्रदेशमा प्रदेश नं २ रहेको छ । सबभन्दा कम कर्णाली प्रदेशमा १७७ वटा लघुवित्त वित्तीय संस्थाहरुको शाखा रहेका छन् ।

**चित्र २: प्रदेशगत रुपमा लघुवित्त वित्तीय संस्थाहरुको शाखा**



## पुँजीकोष

३. **लघुवित्त वित्तीय संस्थाहरुको पूँजीकोष समग्रमा सन्तोषजनक रहेको छ ।** यस बैंकबाट इजाजतपत्रप्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको निर्देशन- २०७६ को निर्देशन नं. १ अनुसार लघुवित्त वित्तीय संस्थाहरुले आफ्नो जोखिम भारित सम्पत्तिको आधारमा प्राथमिक पुँजी र पुँजीकोष न्युनतम क्रमशः ४ प्रतिशत र ८ प्रतिशत कायम गर्नु पर्ने बैधानिक व्यवस्था रहेको छ । २०७६ पुस मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको जोखिम भारित सम्पत्तिको अनुपातमा प्राथमिक पुँजी र पुँजीकोष क्रमशः १२.१६ प्रतिशत र १३.०२ प्रतिशत रहेको छ । समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पूँजी २०७६ असार मसान्तको तुलनामा १७.७३ प्रतिशतले र जोखिम भारित सम्पति ११.२४ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा लघुवित्त वित्तीय संस्थाहरुको चुक्ता पुँजी र जोखिम भारित सम्पत्ति क्रमशः १९.५२ प्रतिशत र २०.८० प्रतिशतले बढेको थियो (तालिका २)।

**तालिका २ः पुँजीकोष सम्बन्धी विवरण**

(रु. करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ पुस (२) | २०७६ असार (३) | २०७६ पुस (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| चुक्ता पुँजी | १११८.२५ | १३३६.५२ | १७०७.७८ | २०१०.६५ | १९.५२ | १७.७३ |
| प्राथमिक पुँजी | १९६४.५५ | २२८२.८२ | २९९४.९६ | ३३३७.३९ | १६.२० | ११.४३ |
| पुँजी कोष | २१२६.३६ | २४६५.०४ | ३२२२.८९ | ३५७३.५८ | १५.९३ | १०.८८ |
| जोखिम भारित सम्पत्ति | १५५३३.७७ | १८७६५.२३ | २४६७५.७४ | २७४४८.२९ | २०.८० | ११.२४ |
| प्राथमिक पुँजी/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत) | **१२.६५** | **१२.१७** | **१२.१४** | **१२.१६** | | |
| पुँजी कोष/जोखिम भारित सम्पत्ति अनुपात (प्रतिशत) | **१३.६९** | **१३.१४** | **१३.०६** | **१३.०२** | | |

## वित्तीय स्रोत संकलन

४.१ **थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले सापटी रकम उल्लेख्य दरले बढाएका छन् ।** उक्त लघुवित्त वित्तीय संस्थाहरुको प्रमुख वित्तीय स्रोत सापटी मात्र रहेको छ । २०७६ पुस मसान्तसम्ममा उक्त लघुवित्त वित्तीय संस्थाहरूले ३५ अर्ब ११ करोड वित्तीय स्रोत संकलन गरेका छन् जुन अघिल्लो आर्थिक वर्षको दोस्रो त्रयमाससम्मको ६.१६ प्रतिशतको वृद्धिको तुलनामा आर्थिक बर्ष २०७६/७७ को सोही अवधिमा १२.४० प्रतिशतले बढेको छ । २०७६ पुस मसान्तसम्ममा वित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पूँजीको ५.८९ गुणासम्म पुगेको छ (तालिका ३)। प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको छ ।

### तालिका ३ : वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (थोक कर्जा प्रदायक)

(रु.करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ पुस (२) | २०७६ असार (३) | २०७६ पुस (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| (क) निक्षेप | – | – | – | – | ० | ० |
| (ख) सापटी | २६४२.४६ | २,८०५.३४ | ३,१२३.४५ | ३,५१०.६४ | ६.१६ | १२.४० |
| **कुल वित्तीय स्रोत संकलन** | **२६४२.४६** | **२८०५.३४** | **३१२३.४५** | **३,५१०.६४** | ६.१६ | १२.४० |
| प्राथमिक पुँजी ( अघिल्लो त्रयमास) | ४३३.५४ | ५२३.८७ | ५४७.४६ | ५९६.२५ | | |
| वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा) | ६.१० | ५.३६ | ५.७१ | ५.८९ | | |

४.२ **खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले पनि निक्षेप संकलन र सापटी रकम बढाएका छन् ।** २०७६ पुस मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरूले निक्षेप रू. ९८ अर्ब ७६ करोड र सापटी रू. १ खर्ब ९ अर्ब ८३ करोड गरी जम्मा रू. २ खर्ब ८ अर्ब ५९ करोड वित्तीय स्रोत संकलन गरेका छन् । उक्त लघुवित्त वित्तीय संस्थाहरुको निक्षेप संकलन र प्राप्त सापटी रकम अघिल्लो आर्थिक वर्ष २०७५/७६ को दोस्रो त्रयमाससम्म क्रमश २२.३५ र २३.९९ प्रतिशतले बढेकोमा यस आर्थिक वर्षको सोही अवधिमा निक्षेप संकलन र प्राप्त सापटी रकम क्रमश १५.३३ र १५.३१ प्रतिशतले बढेको छ । २०७६ पुस मसान्तसम्ममा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको वित्तीय स्रोत संकलन अघिल्लो त्रयमासको प्राथमिक पुँजीको ७.८९ गुणासम्म पुगेको छ (तालिका ४)। प्राथमिक पुँजीको बढीमा ३० गुणासम्म वित्तीय स्रोत परिचालन गर्नसक्ने व्यवस्था रहेको छ ।

### तालिका ४: वित्तीय स्रोत संकलन सम्बन्धी विवरण (खुद्रा कर्जा प्रदायक)

(रु.करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ पुस (२) | २०७६ असार (३) | २०७६ पुस (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| (क) निक्षेप | ४९५४.८८ | ६०६२.५३ | ८५६३.१९ | ९८७५.८९ | २२.३५ | १५.३३ |
| (ख) सापटी | ६१२५.९१ | ७५९५.४३ | ९५२४.७७ | १०९८३.३३ | २३.९९ | १५.३१ |
| **कुल वित्तीय स्रोत संकलन** | **११०८०.७९** | **१३६५७.९६** | **१८०८७.९६** | **२०८५९.२१** | २३.२६ | १५.३२ |
| प्राथमिक पुँजी (अघिल्लो त्रयमास) | १३३८.१७ | १६७५.८८ | २१२६.१७ | २६४५.०१ | | |
| वित्तीय स्रोत संकलन/प्राथमिक पुँजी अनुपात (गुणा) | **८.२८** | **८.१५** | **८.५१** | **७.८९** | | |

## कर्जा तथा सापट

५.१ **थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापट रकममा र निष्कृय कर्जाको अनुपातमा वृद्धि भएको छ** । थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०७६ असारको तुलनामा ३.७४

प्रतिशतले वृद्धि भई २०७६ पुस मसान्तमा रू. ३८ अर्ब १६ करोड पुगेको देखिन्छ । समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटमध्ये निष्कृय कर्जा रु. १४ करोड ५७ लाख अर्थात ०.३८ प्रतिशत रहेको छ। २०७६ असार मसान्तमा निष्कृय कर्जाको अनुपात ०.०४ प्रतिशत रहेको थियो भने २०७५ पुस मसान्तमा पनि यस्तो अनुपात ०.०४ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा निष्क्रिय कर्जाको वृद्धिदर ८४६.०४ प्रतिशत छ । सक्रिय कर्जा भने ३.३९ प्रतिशतले वृद्धि भएको छ जुन गत आर्थिक वर्षको सोही अवधिमा ६.९३ प्रतिशतले बढेको थियो (तालिका ५) ।

**तालिका ५: कर्जा तथा सापटको वर्गीकरण(थोक कर्जा प्रदायक)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७५ असार (१) | २०७५ पुस (२) | २०७६ असार (३) | २०७६ पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/३)*१०० |
| सक्रिय कर्जा | २९४२.८ | ३१४६.६२ | ३६७७.३१ | ३८०१.८४ | ६.९३ | ३.३९ |
| निष्क्रिय कर्जा | ०.७ | १.२० | १.५४ | १४.५७ | ७१.४३ | ८४६.०४ |
| **कुल कर्जा तथा सापट** | **२९४३.५** | **३१४७.८२** | **३६७८.८५** | **३८१६.४१** | ६.९४ | ३.७४ |
| निष्क्रिय कर्जा अनुपात | ०.०२ | **०.०४** | **०.०४** | **०.३८** | | |

**५.२ खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापट रकम र निष्कृय कर्जाको अनुपात बढेको छ** । खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा तथा सापट रकम २०७६ असारको तुलनामा ९.९८ प्रतिशतले बढेर २०७६ पुस मसान्तमा रू. २ खर्ब १८ अर्ब १६ करोड पुगेको देखिन्छ। समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा तथा सापटमध्ये निष्कृय कर्जा रु. ३ अर्ब ७१ करोड अर्थात १.७० प्रतिशत रहेको छ । २०७६ असार मसान्तमा निष्कृय कर्जाको अनुपात १.१८ प्रतिशत रहेको थियो भने २०७५ पुस मसान्तमा यस्तो अनुपात १.४६ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा निष्क्रिय कर्जाको वृद्धिदर ५७.९८ प्रतिशत छ भने सक्रिय कर्जाको वृद्धिदर ९.४० प्रतिशत मात्र रहेको छ जुन गत आर्थिक वर्षको सोही अवधिमा २३.२३ प्रतिशतले बढेको थियो (तालिका ६) ।

**तालिका ६: कर्जा तथा सापटको वर्गीकरण(खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७५ असार (१) | २०७५ पुस (२) | २०७६ असार (३) | २०७६ पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/ १) *१०० | (४-३)/ ३)*१०० |
| सक्रिय कर्जा | ११,५१४.५६ | १४,१८९.१२ | १९,६०१.९४ | २१,४४४.९९ | २३.२३ | ९.४० |
| निष्क्रिय कर्जा | १३७.०९ | २०९.६६ | २३४.५५ | ३७०.५५ | ५२.९४ | ५७.९८ |
| **कुल कर्जा तथा सापट** | **११६५१.६५** | **१४,३९८.७८** | **१९,८३६.४९** | **२१,८१५.५४** | २३.५८ | ९.९८ |
| निष्क्रिय कर्जा अनुपात | **१.१८** | **१.४६** | **१.१८** | **१.७०** | | |

**६. लघुवित्त वित्तीय संस्थाहरुबाट कृषि क्षेत्रतर्फ कर्जा प्रवाहको हिस्सा बढेको छ ।** लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कर्जा रकम २०७६ पुस मसान्तमा रु. २ खर्ब ५६ अर्ब ३२ करोड मध्ये रु. १ खर्ब ८ अर्ब ६१ करोड अर्थात ४२.३७ प्रतिशत कृषि क्षेत्रमा प्रवाह

भएको देखिन्छ । २०७६ असार मसान्तमा कृषि क्षेत्रमा रु. ९३ अर्ब ९२ करोड अर्थात ३९.९४ प्रतिशत कर्जा प्रवाह भएको थियो । आर्थिक वर्ष २०७६/७७ को दोस्रो त्रयमाससम्ममा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जा मध्ये घरेलु तथा लघु उद्योग क्षेत्रमा २.९४ प्रतिशत र सेवा व्यवसाय क्षेत्रमा ३३.१५ प्रतिशत कर्जा प्रवाह भएको देखिन्छ । समग्रमा समीक्षा अवधिमा लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जामा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुले प्रवाह गरेको कुल कर्जाको हिस्सा १४.८९ प्रतिशत रहेको छ (तालिका ७)।

**तालिका ७: कर्जा तथा सापटको क्षेत्रगत वर्गीकरण**

| कर्जा विवरण | २०७६ असार ( रु. करोडमा ) | २०७६ असार ( प्रतिशत ) | २०७६ पुस ( रु. करोडमा ) | २०७६ पुस ( प्रतिशत ) |
|---|---|---|---|---|
| कृषि | ९३९२.२७ | ३९.९४ | १०८६०.८७ | ४२.३७ |
| घरेलु तथा लघु उद्योग | ८४४.०५ | ३.५९ | ७५३.०४ | २.९४ |
| सेवा व्यावसाय | ७७३५.९४ | ३२.९० | ८४९६.६६ | ३३.१५ |
| थोक कर्जा | ३६७८.८५ | १५.६४ | ३८१६.४१ | १४.८९ |
| अन्य | १८६४.२३ | ७.९३ | १७०४.९७ | ६.६५ |
| **जम्मा** | **२३५१५.३४** | **१००.००** | **२५६३१.९४** | **१००.००** |

७.१ **थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्थामा उल्लेख्य वृद्धि भएको छ** । २०७६ पुस मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०७६ असार मसान्तको तुलनामा २७.७९ प्रतिशतले बढेर रू. ६० करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रु. १४ करोड (२३.१२ प्रतिशत) रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल कर्जा नोक्सानी व्यवस्थाको लागि राखेको रकम ६.४९ प्रतिशतले बढेको थियो (तालिका ८)।

**तालिका ८ः कर्जा नोक्सानी व्यवस्था (थोक कर्जा प्रदायक)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७५ असार (१) | २०७५ पुस (२) | २०७६ असार (३) | २०७६ पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/ (१)*१०० | (४-३)/ ( ३)*१०० |
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | २९.४३ | ३१.४६ | ४५.६७ | ४६.३० | ६.९० | १.३८ |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | ८.९४ | ९.४१ | १.४५ | १३.९२ | ५.१५ | ८५९.६९ |
| **कुल कर्जा नोक्सानी ब्यवस्था** | **३८.३७** | **४०.८७** | **४७.१२** | **६०.२१** | ६.४९ | २७.७९ |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी ब्यवस्था (अनुपात )** | **१.३०** | **१.३०** | **१.२८** | **१.५८** | | |

७.२ **खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको कुल कर्जा नोक्सानी व्यवस्थामा वृद्धि भएको छ ।** समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरूको कुल कर्जा नोक्सानी व्यवस्था २०७६ असार मसान्तको तुलनामा २०.११ प्रतिशतले बढेर रू. ४ अर्ब २५ करोड पुगेको छ । जसमध्ये निष्क्रिय कर्जा नोक्सानी व्यवस्था रु. २ अर्ब ३३ करोड (५४.७५ प्रतिशत) रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल कर्जा नोक्सानी व्यवस्थाको लागि राखेको रकम ३३.०३ प्रतिशतले बढेको थियो (तालिका ९)।

**तालिका ९: कर्जा नोक्सानी व्यवस्था (खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| कर्जा विवरण | २०७५ असार (१) | २०७५ पुस (२) | २०७६ असार (३) | २०७६ पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/३)*१०० |
| सक्रिय कर्जामा नोक्सानी व्यवस्था | १०७.३४ | १३१.८९ | १८३.७३ | १९२.४१ | २२.८७ | ४.७३ |
| निष्क्रिय कर्जामा नोक्सानी व्यवस्था | ९३.४७ | १३५.२५ | १७०.३१ | २३२.८२ | ४४.७० | ३६.७० |
| **कुल कर्जा नोक्सानी ब्यवस्था** | **२००.८१** | **२६७.१४** | **३५४.०४** | **४२५.२३** | ३३.०३ | २०.११ |
| **कुल कर्जामा कुल कर्जा नोक्सानी ब्यवस्था (अनुपात )** | **१.७२** | **१.८६** | **१.७८** | **१.९५** | | |

८. **खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो र लघु व्यवसाय कर्जाको अंश बढेको छ ।** २०७६ पुस मसान्तमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको धितो कर्जासंग कुल कर्जा तथा सापटको अनुपात १७.५५ प्रतिशत रहेको छ । यस्तो अनुपात २०७६ असार मसान्तमा १६.७० प्रतिशत र २०७५ पुस मसान्तमा १५.७४ प्रतिशत रहेको थियो । लघु व्यवसाय कर्जाको अंश पनि २०७६ असारमा ७७.१७ प्रतिशत रहेकोमा २०७६ पुसमा ७६.८२ प्रतिशत भएको छ (तालिका १०)।

**तालिका १०: धितो कर्जा कुल कर्जा अनुपात (खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ पुस (२) | २०७६ असार (३) | २०७६ पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| धितो कर्जा | १६७६.१२ | २२६६.२३ | ३३१३.४२ | ३८२८.३५ | ३५.२१ | १५.५४ |
| लघु व्यवसाय कर्जा | ९३२५.२३ | ११४०९.२४ | १५३०७.५६ | १६७५८.४९ | २२.३५ | ९.४८ |
| अन्य कर्जा | ६५०.३० | ७२३.३१ | १२१५.५१ | १२२८.७० | ११.२३ | १.०९ |
| कुल कर्जा तथा सापट प्रदान | ११६५१.६५ | १४३९८.७८ | १९८३६.४९ | २१८१५.५४ | २३.५८ | ९.९८ |
| धितो कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत) | **१४.३९** | **१५.७४** | **१६.७०** | **१७.५५** | | |
| लघु व्यवसाय कर्जा/कुल कर्जा तथा सापट (प्रतिशत) | **८०.०३** | **७९.२४** | **७७.१७** | **७६.८२** | | |
| अन्य कर्जा /कुल कर्जा तथा सापट (प्रतिशत) | **५.५८** | **५.०२** | **६.१३** | **५.६३** | | |

## लगानी

९. **लघुवित्त वित्तीय संस्थाहरूले लगानीमा पनि उल्लेख्य वृद्धि गरेका छन् ।** २०७६ पुस मसान्तमा लघुवित्त वित्तीय संस्थाहरूको कुल लगानी रु. ११ अर्ब ३६ करोड पुगेको छ, जुन २०७६ असारको तुलनामा ३४१.४१ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल लगानी ८१.२३ प्रतिशतले मात्र बढेको थियो । यस आर्थिक वर्षको दोस्रो त्रयमासमा लगानीको प्रमुख अंशको रुपमा रहेको मुद्धती निक्षेपमा उल्लेख्य वृद्धि भएको कारणले लघुवित्त वित्तीय संस्थाहरूको कुल लगानीमा पनि उल्लेख्य वृद्धि देखिएको हो । लघुवित्त वित्तीय संस्थाहरूले मुद्धती निक्षेपमा २०७६ पुससम्म रु. ९ अर्ब ९९ करोड राखेका छन् जुन रकम २०७६ असारको तुलनामा ५६१.३५ प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा मुद्धती निक्षेपमा राखेको रकम ९८.९८ प्रतिशतले बढेको थियो । लघुवित्त वित्तीय संस्थाहरूको समीक्षा अवधिमा सरकारी सुरक्षणपत्रमा गरेको लगानी बढेको भएतापनि शेयर तथा डिवेन्चरमा गरेको लगानी भने घटेको देखिन्छ (तालिका ११) ।

**तालिका ११: लगानी विवरण**

(रु. करोडमा)

| **विवरण** | **२०७५ असार (१)** | **२०७५ पुस (२)** | **२०७६ असार (३)** | **२०७६ पुस (४)** | **प्रतिशत परिवर्तन** | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| सरकारी सुरक्षणपत्र | ३.८७ | ३.८७ | ३०.९९ | ४०.७० | ०.०० | ३१.३३ |
| शेयर तथा डिवेन्चर | १०.१६ | २१.९८ | २४.९९ | २४.७५ | ११६.३४ | -०.९६ |
| मुद्धती निक्षेप | १८८.६७ | ३७५.४१ | १५१.११ | ९९९.३६ | ९८.९८ | ५६१.३५ |
| अन्य लगानी | ४६.८४ | ५०.९९ | ५०.२८ | ७१.२५ | ८.८६ | ४१.७० |
| **जम्मा लगानी** | **२४९.५४** | **४५२.२५** | **२५७.३७** | **११३६.०६** | ८१.२३ | ३४१.४१ |

## जोखिम भारित सम्पत्ति र कुल सम्पत्ति

१०. **लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पति र जोखिम भारित सम्पति दुवै उल्लेख्य दरले बढेको छ ।** २०७६ पुस मसान्तमा लघुवित्त वित्तीय संस्थाहरुको कुल सम्पत्ति रु. ३ खर्ब ७ अर्ब २६ करोड पुगेको छ । यो २०७६ असार मसान्तको रु. २ खर्ब ६९ अर्ब ५ करोडको तुलनामा १४.२० प्रतिशतले बढी हो । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल सम्पत्ति ५७.६४ प्रतिशतले बढेको थियो । २०७६ पुस मसान्तमा कुल जोखिम भारित सम्पत्ति (Risk Weighted Assets) कुल सम्पतिको ८९.३३ प्रतिशत रहेको छ, जुन २०७६ असार मसान्तमा ९१.७१ प्रतिशत रहेको थियो । (तालिका १२)।

**तालिका १२: कुल सम्पत्ति र जोखिम भारित सम्पत्तिको विवरण**

(रु.करोडमा)

| **विवरण** | **२०७५ असार (१)** | **२०७५ पुस (२)** | **२०७६ असार (३)** | **२०७६ पुस (४)** | **प्रतिशत परिवर्तन** | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| कुल सम्पत्ति | १७३२१.८४ | २०८४२.५१ | २६९०५.०७ | ३०७२६.१५ | ५७.६४ | १४.२० |
| जोखिम भारित सम्पत्ति | १५५३३.७७ | १८७६५.२३ | २४६७५.७४ | २७४४८.२९ | २०.८० | ११.२४ |
| जोखिम भारित सम्पति/कुल सम्पति अनुपात (प्रतिशत) | **८९.६८** | **९०.०३** | **९१.७१** | **८९.३३** | | |

## मुनाफा स्थिति

**११.१ थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको संचालन आम्दानी र खुद नाफा अघिल्लो आर्थिक वर्षको दोस्रो त्रयमासको तुलनामा ह्रास आएको छ** । उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७६/७७ को दोस्रो त्रयमाससम्ममा ब्याज आम्दानी रु. २ अर्ब २८ करोड र ब्याज खर्च रु. १ अर्ब २७ करोड रहेको छ। समीक्षा अवधिमा उक्त लघुवित्त वित्तीय संस्थाहरुले रु. ५६ करोड खुद मुनाफा गरेका छन् । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा खुद मुनाफा ६४ करोड रहेको थियो । (तालिका १३) ।

**तालिका १३ः मुनाफा स्थिति (थोक कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ पुस (२) | २०७६ असार (३) | २०७६ पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| ब्याज आम्दानी | ४१८.७८ | २४६.१३ | ५२७.८० | २२७.७२ | -४१.२३ | -५६.८५ |
| ब्याज खर्च | २७८.२६ | १६५.८६ | ३५४.१८ | १२७.११ | -४०.३९ | -६४.११ |
| संचालन आम्दानी | १२२.४७ | ८५.८२ | १८६.३७ | १०६.६१ | -२९.९३ | -४२.७९ |
| खूद नाफा/नोक्सान | ७९.८१ | ६३.९४ | १०२.०६ | ५६.०९ | -१९.८८ | -४५.०४ |

**११.२ समग्रमा खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरुको संचालन आम्दानी र खुद नाफा अघिल्लो आर्थिक वर्षको दोस्रो त्रयमासको तुलनामा उल्लेख्य दरमा बढेको छ ।** उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७५/७६ को दोस्रो त्रयमाससम्ममा खुद मुनाफा रु. २ अर्ब ५ करोड मात्र रहेकोमा यस आर्थिक वर्षको सोही अवधिमा खुद मुनाफा ३ अर्ब ६९ करोड रहेको छ । उक्त लघुवित्त वित्तीय संस्थाहरुको आर्थिक वर्ष २०७६/७७ को दोस्रो त्रयमाससम्ममा ब्याज आम्दानी रु. १८ अर्ब ६२ करोड र ब्याज खर्च रु. ९ अर्ब ३८ करोड रहेको छ (तालिका १४)। यस अवधिमा सञ्चालित ८३ खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाहरु मध्ये ११ वटा लघुवित्त वित्तीय संस्थाहरु खुद नोक्सानीमा रहेको देखिन्छ ।

२०७६ पुस मसान्तमा बुद्धज्योति लघुवित्त वित्तीय संस्था लि., स्वस्तिक लघुवित्त वित्तीय संस्था लि.,सल्भ लघुवित्त वित्तीय संस्था लि., स्वेडा लघुवित्त वित्तीय संस्था लि., स्मार्ट लघुवित्त वित्तीय संस्था लि., वीन लघुवित्त वित्तीय संस्था लि.,समाज लघुवित्त वित्तीय संस्था लि., जनकपुर लघुवित्त वित्तीय संस्था लि., विपिडब्लु लघुवित्त वित्तीय संस्था लि., शालिग्राम लघुवित्त वित्तीय संस्था लि., र अभियान लघुवित्त वित्तीय संस्था लि. खुद नोक्सानीमा रहेको देखिन्छ ।

**तालिका १४ः मुनाफा स्थिति (खुद्रा कर्जा प्रदायक)**

(रु. करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ पुस (२) | २०७६ असार (३) | २०७६ पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| ब्याज आम्दानी | १८०६.७१ | ११६८.८४ | २७६४.९३ | १८६२.३४ | -३५.३१ | -३२.६४ |
| ब्याज खर्च | ८९९.८२ | ६००.५३ | १४२०.७७ | ९३७.७० | -३३.२६ | -३४.०० |
| संचालन आम्दानी | ४५३.२ | ७५४.४० | १८११.९४ | ११९८.६६ | ६६.४६ | -३३.८५ |
| खूद नाफा/नोक्सान | ३१०.७५ | २०५.३५ | ५४२.६७ | ३६८.९५ | -३३.९२ | -३२.०१ |

## तरलता स्थिति

१२.१ **समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पतिमा ह्रास आएको छ ।** सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरु निर्धन उत्थान लघुवित्त वित्तीय संस्था र छिमेक लघुवित्त वित्तीय संस्था मात्र रहेका छन् । २०७६ पुस मसान्तमा उक्त लघुवित्त वित्तीय संस्थाहरुको तरल सम्पत्ति २०७६ असारको तुलनामा १६.३७ प्रतिशतले ह्रास भई रु. ४ अर्ब ९३ करोड पुगेको छ ।

**तालिका १५: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन गर्ने संस्था)**

(रू.करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ पुस (२) | २०७६ असार (३) | २०७६ पुस (४) | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|
| | | | | | (२-१)/(१)*१०० | (४-३)/(३)*१०० |
| नगद | २.५ | ४.०४ | २.७१ | ५.१३ | ६१.६० | ८९.१९ |
| नेपाल राष्ट्र बैंक मौज्दात | ४१.३५ | ८४.८७ | ७६.९४ | ७३.०२ | १०५.२५ | -५.०९ |
| बैंक तथा बित्तीय संस्था मौज्दात | ३६३.३४ | ३६३.३४ | ४७७.४० | ३७२.९१ | -८.३० | -२१.८९ |
| सरकारी सुरक्षणपत्रमा लगानी | ३.८७ | ३.८७ | ३०.९९ | ४०.७० | ०.०६ | ३१.३३ |
| **कुल तरल सम्पत्ति** | **४४३.९५** | **४५६.१२** | **५८८.०४** | **४९२.७६** | २.७४ | -१६.३७ |
| कुल निक्षेप (अघिल्लो त्रयमास) | १८८५ | २१५३ | २४१९ | २,६४४ | १४.२२ | ९.३१ |
| कुल सापटी (अघिल्लो त्रयमास) | १०२१ | ११७१ | ११७३ | १,२१८ | १४.७७ | ३.८१ |
| तरल सम्पत्ति/ कुल निक्षेप (प्रतिशत) | **२३.६** | **२१.१९** | **२४.३१** | **१८.६०** | | |
| तरल सम्पत्ति/ कुल निक्षेप तथा सापटी (प्रतिशत) | **४३.५०** | **१३.७२** | **१६.३७** | **१२.७४** | | |
| वैधानिक तरलता अनुपात | | | ४.३० | ४.२६ | | |
| अनिवार्य मौज्दात अनुपात | | | **२.५५** | **२.५१** | | |

२०७६ पुस मसान्तमा उक्त लघुवित्त कुल तरल सम्पत्ति/कुल निक्षेप अनुपात १८.६० प्रतिशत रहेको छ । २०७५ पुस र २०७६ असार मसान्तमा यस्तो अनुपात क्रमशः २१.१९ प्रतिशत र २४.३१ प्रतिशत रहेको थियो । सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७६ पुस महिनाको वैधानिक तरलता अनुपात र अनिवार्य मौज्दात अनुपात क्रमशः ४.२६ प्रतिशत र २.५१ प्रतिशत रहेको छ (तालिका १५) । समग्रतामा सर्वसाधारणबाट निक्षेप संकलन गर्ने लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात र वैधानिक तरलता अनुपात तोकिएको दर भित्रै रहेको छ ।

१२.२ **सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको तरलताको स्थितिमा क्रमिक सुधार भएको छ ।** सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७६ पुस मसान्तमा तरल सम्पत्ति २०७६ असारको तुलनामा ६३.०८ प्रतिशतले वृद्धि भई रु. २२ अर्ब ४० करोड पुगेको छ । २०७६ पुस मसान्तमा तरल

सम्पत्ति/कुल निक्षेप अनुपात ३७.८४ प्रतिशत रहेको छ । समीक्षा अवधिमा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुले बैंक तथा बित्तीय संस्था मौज्दात बढाएको कारण कुल तरल सम्पतिमा उच्च वृद्धि देखिन्छ । सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको २०७६ पुस महिनाको अनिवार्य मौज्दात अनुपात औषतमा ०.६७ प्रतिशत रहेको छ (तालिका १६) । समग्रतामा सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने लघुवित्त वित्तीय संस्थाहरुको अनिवार्य नगद मौज्दात अनुपात तोकिएको दर भित्रै रहेको छ ।

**तालिका १६: तरलता स्थिति (सर्वसाधारणबाट निक्षेप संकलन नगर्ने संस्था)**

(रू.करोडमा)

| विवरण | २०७५ असार (१) | २०७५ पुस (२) | २०७६ असार (३) | २०७६ पुस (४) | प्रतिशत परिवर्तन (२-१)/(१)*१०० | प्रतिशत परिवर्तन (४-३)/(३)*१०० |
|---|---|---|---|---|---|---|
| नगद | १२.२४ | १७.१३ | १८.६९ | २३.६१ | ३९.९५ | २६.३३ |
| नेपाल राष्ट्र बैंक मौज्दात | ३१.९६ | ३०.७७ | ४६.०३ | ४७.७७ | -३.७२ | ३.७८ |
| बैंक तथा बित्तीय संस्था मौज्दात | ११५४.०४ | १२९५.४१ | १,३०८.९२ | २१६८.८० | १२.२५ | ६५.६९ |
| सरकारी सुरक्षणपत्रमा लगानी | ० | - | - | - | - | - |
| **कुल तरल सम्पत्ति** | **११९८.२४** | **१३४३.३१** | **१३७३.६४** | **२२४०.१८** | १२.११ | ६३.०८ |
| कुल निक्षेप (अघिल्लो त्रयमास) | २६०८.३३ | ३१९८.९६ | ५,३२१.९२ | ५९१९.५६ | २२.६४ | ११.२३ |
| कुल सापटी (अघिल्लो त्रयमास) | ६९१३.४८ | ८५२१.८१ | १०६६५.४५ | ११४३०.६२ | २३.२६ | ७.१७ |
| तरल सम्पत्ति/ कुल निक्षेप (प्रतिशत) | **४५.९४** | **४१.९९** | **२५.८१** | **३७.८४** | | |
| तरल सम्पत्ति/ कुल निक्षेप तथा सापटी (प्रतिशत) | **१७.३३** | **११.४६** | **८.५९** | **१२.९१** | | |
| अनिवार्य मौज्दात अनुपात | | | **०.६७** | **०.६७** | | |